आज मिति २०७७/०८/२३ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्युको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमवहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखवहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री डन्डवहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री नरवहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज वहादुर नेपली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

(खिम नारायण मानन्धर)
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| [signature] | महेश्वर अर्याल | अधिकृत छैठौं हरिनास गाउपालिका हरिनास स्याङजा |
| [signature] | लालचन गैह्र | सहायक पाचौं हरिनास गाउपालिका हरिनास स्याङजा |
| [signature] | मनोज शर्मा वाग्ले | छैठौं हरिनास गाउपालिका हरिनास स्याङजा |

निर्णय न. १

निर्णय नं १ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रममा इएमआइएसमा ५०६ जनाले नाम दर्ता गराएकोमा निर्देशिका / मापदण्ड अनुसार तोकिएको न्यूनतम दर रेटमा काममा लगाउने निर्णय गरियो ।

निर्णय नं. २

निर्णय नं. २ मा छलफल गर्दा यस कार्यालयको चौमासिक प्रगति सम्बन्धमा २०७७ साल पौष २९ गते सार्वजनिक सुनुवाइ कार्यक्रममा स्थानिय व्यक्ति राजनैतिक दलका प्रतिनिधिहरु उपभोक्ता समितिका पदाधिकारीहरु आमा समुह क्लब लगायतका यस पालिका भित्रका सम्पूर्ण नागरिकहरु एवं सरकारी निकायका पदाधिकारीहरुलाइ उपस्थितिका लागी अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

निर्णय नं. ३ मा छलफल गर्दा आ.ब.२०७६/०७७ को चैत्र १० देखि नेपाल सरकारले कोभीड-१९ को कारणले गर्दा नेपाल भर संक्रमण रोगको प्रकोप वृद्धि हुन सक्ने भनी लकडाउन गरिएको र संक्रमण रोगथामकालागी स्थानिय तहबाट व्यवस्थापन गर्न क्वारेन्टाइनको स्थापना गरी स्वदेश तथा बिदेशबाट आउनु भएका नेपाली नागरीकहरुका लागी व्यवस्थापन गर्न यसै गाउपालिका वार्ड नं. ४ को खेलमैदानमा स्थापना गरिएको क्वारेन्टाइनमा नेपाल सरकारबाट लकडाउन खुल्ला गरेकोले निर्माण गरिएको अस्थायी क्वारेन्टाइनलाइ बिस्थापित गरी यसै आ.ब. मा रकम बिनियोजन भएको खेलकुद मैदान निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

निर्णय नं. ४ मा छलफल गर्दा शुक्लागण्डकी दुलेगौडा ढोरबराही मार्ग जुडिफाट चिसापानी हरिनास गाउपालिका केन्द्र जोडने सडक तथा क्याङदी खोला पुल निर्माण शिलन्यास कार्यक्रम मिति २०७७/९/१२ गते जुडीफाट साँखेमा संचालन गर्ने र सो शिलन्यास कार्यक्रममा प्रमुख अतिथि रामशरण बस्नेत ज्यूको उपस्थितिका लागी निमन्त्रण गर्ने साथै हरिनास गाउँपालिकाका गाउँसभाका सदस्य सम्पूर्ण, स्थानिय व्यक्ति समाज सेवीहरु ,राजनैतिक दलका प्रतिनिधि / प्रमुख, स्थानिय आमा समुह, क्लब, संघ संस्था, सामुदायिक बिद्यालयहरु लगायतलाइ निमन्त्रण गर्ने सहआयोजक शुल्लागण्डकी नगरपालिका दुलेगौडा तनहु भएकोले उक्त नगरपालिकाका सम्पूर्ण पदाधिकारी एवं स्थानिय समाजसेवीहरुलाइ समेत निमन्त्रणा गरी कार्यक्रम संचालन गर्ने र कार्यक्रम संचालन गर्दा लाग्ने रकम प्रमुख प्रशासकीय अधिकृतले कर्मचारी खटाइ कार्य गर्ने रकम सोधभर्नाको लागी माग गर्दा कार्यक्रम संचालन खर्च तर्फबाट खर्च रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५

निर्णय नं. ५ मा छलफल गर्दा आ.ब.२०७७/०७८ को सातौ गाउसभाबाट वार्डकार्यालयहरु निर्माणका लागी छुट्टीएको रकमबाट यस गाउँपालिकाका वार्ड नं. १, २ र ३ यसै आ.ब. भित्र सम्पन्न गर्नका लागी छिटो छरितो कार्य सम्पन्न गर्नका लागी उपभोक्ता समिति गठन गरी समितिद्धारा कार्य संचालनको जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. ६

निर्णय नं. ६ मा छलफल गर्दा यस गाउँपालिकाको भौगोलिक अवस्था सहज नभएको र एकठाउ बाट अर्को ठाउमा जानका लागी प्रयाप्त मात्रमा सवारी साधनको व्यवस्था समेत नरहेको प्रष्ट हुँदा यसै गाउपालिका अन्तरगत वार्ड नं. ७ को कुलुङखोला र वार्ड नं. २ को प्यारसिङ भन्ने स्थानबाट हाल रहेको स्वास्थ्य संस्थामा पुग्नका लागी करिव २ घण्टा लाग्ने हुँदा स्थानिय व्यक्तिहरु स्वास्थ्य सेवाको पहुँचबाट टाढै रहेको र तिनवटा स्वास्थ्य चौकी मध्ये मग्याम चिसापानी स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा संचालनमा आएको साथै चित्रे भन्ज्याङ र क्याक्मी स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा संचालन नभएकले उक्त स्थानमा प्रयोगशाला थपका लागी हिउदे अधिवेशनबाट अनुमोदन गराउने निर्णय गरियो ।

निर्णय नं. ७

CamScanner

निर्णय नं. ७ मा छलफल गर्दा आ.व. २०७७/०७८ को शिक्षा तर्फ ससर्त अनुदान प्राप्त रकम निम्नानुसारका सामुदायिक विद्यालयहरुलाइ दिने निर्णय गरियो ।

| सि.न. | कार्यक्रमको नाम | विद्यालयको नाम | वडा | अनुदान दिने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | शौचालय निर्माण | पिताम्बर मावि | ६ | ७००००० | भौतिक पूर्वाधार तर्फ |
| २ | शौचालय निर्माण | सरस्वती आवि | ४ | ७००००० | |
| ३ | आइ.सि.टि. | जनजागृति मावि | ४ | ६५०००० | विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवंम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान |
| ४ | विज्ञान ल्याव | मातृभुमि मावि | ४ | ६५०००० | |
| ५ | पुस्तकालय | कालिका देउराली मावि | ५ | ६५०००० | |
| ६ | उत्कृष्ठ सिकाइ उपलब्धी | महिमा मावि | २ | २००००० | |
| ७ | शैक्षिक सामाग्री निमावी | पोखरीभन्ज्याङ आवि | ७ | ५०००० | |
| ८ | उत्कृष्ठ कार्य सम्पादन | नवदुर्गा आवि | २ | ५०००० | |
| ९ | उत्कृष्ठ कार्य सम्पादन | बालसुधार आवि | ४ | ५०००० | |
| १० | उत्कृष्ठ कार्य सम्पादन | जनकल्याण आवि | ५ | ५०००० | |
| ११ | उत्कृष्ठ कार्य सम्पादन | जनजागृति आवि | ३ | ५०००० | |
| १२ | उत्कृष्ठ कार्य सम्पादन | थानापती आवि | १ | ५०००० | |

निर्णय नं. ८

निर्णय नं. ८ मा छलफल गर्दा हरिनास गाउँपालिका वार्ड नं. बस्ने पूर्णवहादुर परियारलाइ मुटुरोग लागी हाल उपचारकै क्रममा रहेको र निजको घरको आर्थिक अवस्था ज्यादै कमजोर रहेकोले निज परियारलाइ यस पालिकाबाट रु ५००००/- पचास हजार रुपैया आर्थिक सहायता गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

निर्णय नं. ९ मा छलफल गर्दा प्रदेश तथा स्थानिय तहमा आ.व. २०७८/७९ का लागी संघिय समपुरक तथा विशेष अनुदान अन्तरगत यस गाउपालिकामा अति आवश्यक रहेको प्रशासकिय भवन तथा वडा कार्यालयहरका लागी समपुरक र पालिका भित्र एक घर एक धारा अन्तरगत खानेपानी योजना संचालनका लागी अति आवश्यक रहेकोले विशेष अनुदान रकम माग गर्ने निर्णय गरियो ।

(शिव नारायण ...)
अध्यक्ष

परशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

CamScanner